झापा गाउँपालिका

**स्थानीय राजपत्र**

**खण्ड-५, सङ्ख्या-१ मिति- २०८१/०४/१५**

**भाग-२**

# झापा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको सूचना

झापा गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८१

पारित मिति : २०८१/०४/१५
प्रमाणिकरण मिति : २०८१/०४/१५

**१.प्रस्तावना :**

झापा गाउँपालिकाको स्थानीय सेवा प्रवाहलाई सक्षम, सेवामुलक, सुशासनमुखी, उत्तरदायी, पारदर्शी, सहभागितामुलक, सुदृढ एबं प्रभावकारी र व्यवसायिक बनाउन झापा गाउँपालिकाको स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तह वृद्धिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले

कोशी प्रदेशबाट जारी भएको "**स्थानीय सरकारी सेवा ( गठन तथा संचालन ) ऐन, २०८०**" मा तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न ऐनको दफा १५१ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "**झापा गाउँपलिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१**" हुनेछ ।

(२) यो कार्यविधि प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ ।

**३. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको "**स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०**" लाई सम्झनुपर्दछ ।

(ख) **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका, अन्य सेवाबाट समायोजन भई आएका, संघीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएका सम्पूर्ण स्थायी कर्मचारीहरु तथा दोहोरो सहमति लिई वा नलिई विभिन्न कार्यालयबाट सरुवा भै आएका झापा गाउँपालिकाको स्थानीय सरकारी सेवामा बहालमा रहेका स्थायी कर्मचारीहरुलाई सम्झनुपर्दछ ।

(ग) **"कार्यालय"** भन्नाले झापा गाउँपालिकाको कार्यालय र उक्त कार्यालय अन्तर्गतका कार्यालयहरु समेतलाई सम्झनुपर्दछ ।

(घ) **"गाउँपालिका"** भन्नाले झापा गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले झापा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(च) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई जनाउँदछ ।

(छ) **"परामर्श"** भन्नाले ऐनको दफा १०३ को उपदफा ३ बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श भन्ने सम्झनु पर्छ ।

(ज) **"तहवृद्धि"** भन्नाले "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २७ तथा यस कार्यविधि बमोजिम योग्यता भएका कर्मचारीको तहवृद्धिलाई सम्झनुपर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले झापा गाउँपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ट) **"कार्यविधि"** भन्नाले झापा गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनुपर्दछ ।

(ठ) **"प्रदेश किताबखाना"** भन्नाले कोशी प्रदेशको प्रदेश किताबखानालाई सम्झनुपर्दछ ।

(ड) **"समिति"** भन्नाले **"स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०"** को दफा २७ को उपदफा (४) बमोजिम गठित तह वृद्धि सिफारिस समितिलाई सम्झनुपर्दछ ।

**४. सूचना प्रकाशन गर्ने :** (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौ तह, सातौं तहबाट आठौं तह र नवौ तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह, वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।

तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(३) उपदफा (१) तथा यस ऐनमा गरिएको बिशेष व्यबस्था बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय कार्यान्वयन गर्नु पर्नेछ । सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित स्थानीय तहले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) ऐन बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि गाउँपालिकाले प्रत्येक वर्षको जेठ र मंसिर महिनाको दोस्रो साता भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुका लागि कम्तीमा ३० दिनको म्याद दिई तहवृद्धि सम्बन्धी सूचना प्रकाशन गर्नुपर्नेछ ।सूचनामा निबेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु उल्लेख गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले अनुसुची १ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी र गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

**५. निवेदन दिनु पर्ने :** (१) दफा ४ को उपदफा (४) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मुल्यांकन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि हुने नियुक्ति/बढुवा/तह कायम/तह मिलानको प्रतिलिप,

ग. समायोजन भई आएका कर्मचारीको हकमा स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

घ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

ङ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपी (आवश्यक हुनेको हकमा),

च. ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले तोकेको अन्य कागजातहरु ।

**६. सिफारिस समिति :** (१) ऐन बमोजिम तहवृद्धिका लागि सिफारिस गर्नका लागि प्रत्येक आर्थिक वर्षमा ऐनको दफा २७ को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतमा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तहवृद्धि सिफारिस समिति हुनेछ ।

(२) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :** (१) यस कार्यविधि बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धी गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा श्रावण १ देखि तहवृदि हुनेको हकमा असार मसान्त सम्म र माघ १ देखी तह वृदि हुनेको हकमा पौष मसान्त सम्म पाँच वर्षको सेवा अवधी पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत

अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समुह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः

| क्र.स. | हाल को तह | तहवृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्यसेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**८. ज्येष्ठता कायमः** (१) तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २६ बमोजिम ज्येष्ठता कायम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छैठौं तहमा नियुक्ति भई यस ऐन बमोजिम सातौं तहमा तह मिलान/तह कायम भएका कर्मचारीहरुको जेष्ठता नियुक्ति मिति देखि नै गणना गरिनेछ ।

**९. बाधा, अड्काउ फुकाउनेः** (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा वाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिमा रहनेछ ।

**१०. तहवृद्धि गर्न नहुनेः** (१) ऐनको दफा ३० बमोजिमको अवस्थामा रहेको कर्मचारीलाई उक्त अवस्था रहेको अवधिभर तहवृद्धि गर्न हुने छैन ।

**११. तह वृद्धि गर्नु पर्ने :** कानुन बमोजिम तहवृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तहवृद्धिका लागि सिफारिस गरि सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-३ बमोजिमको ढाँचामा तहवृद्धिको पत्र दिनु पर्नेछ ।

**१२. सार्वजनिक गर्ने :** तहवृद्धि भएका कर्मचारीको विवरण पालिकाको वेभसाइट र सूचना पार्टीमा अनिवार्य राख्नु पर्नेछ ।

**१३. सचिवालय :** तहवृद्धि सम्बन्धी कार्य गर्न स्थानीय तहको प्रशासन महाशाखा/शाखाले सचिवालयको काम गर्नेछ ।

**१४. जानकारी दिनु पर्नेः** (१) यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१५. उजुरी/गुनासो सम्बन्धमाः** (१) कार्यविधि बमोजिम तहवृद्धिको निर्णय उपर चित्त नबुझेमा तहवृद्धिको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिको उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७. खारेजी र बचाउ :** झापा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्दि सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ । उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसुची १

(दफा ४ संग सम्बन्धित)

फाराम दर्ता नं
मितिः

**झापा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

(<u>तहवृद्धि आवेदन फाराम</u>)

उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने

१. सूचनाको विवरणः

| | |
|---|---|
| तहवृद्धिको सूचना नम्बरः .............................. | मितिः................................... |
| सेवा/समूहः............................... | तहवृद्धि हुने तहः**......................** |

२. उम्मेद्वारको विवरणः

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

उम्मेद्वारको नाम,थर (देवनागरीमा)..............................................
उम्मेद्वारको नाम,थर(अंग्रेजी ठूलो अक्षरमा).......................................
ठेगानाः.....................................          वहालमा रहेको कार्यालयः..........................
जन्म मितिः.................................
बाबुको नाम...............................          हालको सेवाः.....................................
आमाको नामः...............................          समूह/उपसमूहः................................
बाजेको नामः.................................          पदः............................................
नागरिकता प्रमाणपत्र नं...................          कर्मचारी संकेत नं..............................
जारी जिल्लाः ................................          मोबाइल नं.....................................

| क्र. सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती /तह वृद्दि/ कायम /मिलान बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, ..........महिना, .............दिन

५. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको .........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस.......................

ख. तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको....................

ग. असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ......................
बसेको भए सोको अवधि उल्लेख गर्नुहोस............................

घ. निलम्बनमा परेको/नपरेको.................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः.................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ...........................

संकेत नं ........................................

पद...........................................

सही र मितिः.................................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

## अनुसुची २

(दफा ४ संग सम्बन्धित)

तहवृद्धिको निर्णय

( कार्यालयको प्रयोजनका लागि )

क. आवेदक कर्मचारीले हालको तहमा पूरा गरेको सेवा अवधिः......................... वर्ष, ......................महिना, ............................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

आ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

इ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

औषत प्राप्ताङ्क ......................................................

ग. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन को दफा २७ को उपदफा (१) तथा झापा गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्दि सम्बन्धी कार्यविधि,२०८१ को दफा ७ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूह र पदमा एक तहवृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः-.........................................  तहवृद्धि निर्णय लागु हुने मितिः-........................

अनुसुची ३

(दफा ११ संग सम्बन्धित)

**झापा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

**मितिः**.............

**विषयः** तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ........ एवं झापा गाउँ पालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८१ को दफा.... बमोजिम तहवृद्धि सिफारिस समितिको मिति ........ गतेको सिफारिस तथा झापा गाउँपालिका गाउँकार्यपालिकाको मिति............ को निर्णय बमोजिम तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| **हालको पद,तह, सेवा/समूह, कार्यालय** | **तह वृद्धि भएको पद,तह, सेवा/समूह, कार्यालय** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः<br>जेष्ठता लागू हुने मितिः |

श्री

(संकेत नं.......)

(................)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापा ।

.....................................................................................................................

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत